मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड
जहाँ गर्छ राष्ट्रले कारोबार
आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# मार्केट मेकरका लागि नियम र शर्तहरू

**(यो दस्तावेज प्रत्येक सम्भाव्य आवेदकले एक्सचेन्जले प्रस्ताव गरेको वस्तु/करारका लागि मार्केट मेकरको भूमिका निर्वाह गर्नु अघि मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेडको नियमावली, नियम उपनियमसँगको संयोजनमा रहि अध्ययन गर्नु पर्नेछ र स्वीकार र हस्ताक्षर गर्नु पर्नेछ ।)**

१) म एक्सचेन्जको नियमावली, नियमहरु, कारोबार र राफसाफ सम्बन्धि नियमहरु, मार्केट मेकरको निर्देशिका, परिपत्र र सूचनाहरु र यसमा हुने संशोधनहरु सबै पालना गर्न सहमत छु । म एक्सचेन्जको आचार संहिता, अनुचित कारोबार अभ्यास विरुद्धको नियमका साथै बजार संहिताको मापदण्ड र नैतिकतासँगको सम्बन्धमा एक्सचेन्जद्वारा समय समयमा जारी गरिने निर्देशनहरुको पालना गर्न पनि सहमत छु ।

२) एक्सचेन्जको नियम अनुसार, एक्सचेन्जले निर्दिष्ट गरेको समयमा तोकिए बमोजिमको करार/वस्तुमा म दुवै बोली र प्रस्ताव (bid and ask) राख्ने गरी दुई तर्फी बजार (two-way market) बनाउने छु ।

३) म मेरो कारोबारको सबै वित्तीय दायित्व र कारोबार दायित्वका लागि जिम्मेवार र जवाफदेही हुनेछु ।

४) मैले मार्जिन, दैनिक mark to market settlement, final settlement वा अन्य कुनै settlement र शुल्क नतिरेमा, एक्सचेन्जको नियमअनुसार एक्सचेन्जलाई मेरो खुला कारोबार बन्द/परिसमापन गर्न अधिकार दिन्छु । यस्तो अवस्थामा कुनै पनि किसिमको क्षति भएमा सो को भरपाई मैले गर्नेछु । म एक्सचेन्जलाई मेरो मार्केट मेकर सुविधा फिर्ता लिन वा निलम्बन गर्न पनि अधिकार दिँदछु र यदि आवश्यक परेमा एक्सचेन्जको नियमावली र नियम अनुसार म विरुद्ध अनुशासनिक कार्यहरु प्रारम्भ गर्न पनि अधिकार दिँदछु ।

५) म एक्सचेन्जको हितमा र एक्सचेन्जमा कारोबार गरिरहेका सदस्य, ग्राहक, ब्रोकर र सब-ब्रोकरको सुरक्षाको हितमा काम गर्नेछु । यदि मैले आचार संहिता, बजार संहिता वा कुनै पनि राम्रो व्यापार अभ्यासको उल्लंघन गरेमा वा एक्सचेन्जको हितलाई हानि हुने गरि कुनै काम गरेमा वा एक्सचेन्जको कारोबार र राफसाफमा कुनै पनि खराब आचरण गरेमा म अनुशासनिक कार्वाहीमा पर्ने छु ।

६) एक्सचेन्जमा गरेको कारोबारमा मलाई कुनै घाटा उत्पन्न भएमा म स्वयम् आफू नै जिम्मेवार हुनेछु । यसका लागि एक्सचेन्ज जिम्मेवार हुने छैन र मलाई पर्याप्त प्रकटीकरण नगरिएको वा कारोबारमा संलग्न पूर्ण जोखिम नबताइएको भनी दाबी गर्ने छैन ।

मैले यस लिखतमा उल्लेखित सबै बुँदाहरु र मार्केट मेकरको रुपमा हुन सक्ने जोखिम र घाटाहरु बुझेको छु । मार्केट मेकर र कारोबारसँग सम्बन्धित सबै समय सान्दर्भिक सूचनाहरु अवगत हुनु पनि मेरो आफ्नो जिम्मेवारी हो । यो दस्तावेजमा हस्ताक्षर गरेर म एक्सचेन्जद्वारा मार्केट मेकरका लागि जारी गरेको निर्देशनहरु पालना गर्न पनि सहमत छु ।

**मार्केट मेकरका लागि**

नाम: ______________________ मिति: ______________

हस्ताक्षर: ______________

ग्राहक कोड (७ अंक): ______________

कारोबार शुल्क (%): ______________

के तपाईलाई ग्राहक र मार्केट मेकर कोड दुवैका लागि एउटै युजर चाहिन्छ ? ☐ चाहिन्छ ☐ चाहिँदैन

**ब्रोकरको आधिकारिक व्यक्तिको उपस्थितिमा**

हस्ताक्षर: ______________ छाप/स्ट्याम्प: ______________ मिति: ______________

**मार्केट मेकर कोड :** ______________ (क्लियरिङ्ग हाउसद्वारा भरिने)

*कार्यालय प्रयोजनको लागि मात्र*

*द्रष्टव्य: माथि नेपालीमा उल्लेख गरिएको मूलप्रति अंग्रेजीको नोटरी पब्लिकबाट भएको नेपाली अनुवाद हो र बजार सहभागीहरूको सहजताका लागि उपलब्ध गराईएको हो । मूलप्रति र अनुवादमा कुनै फरक पर्न गएमा अंग्रेजीको मूलप्रति नै आधिकारिक मानिनेछ ।*